मौलापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पतौरा, रौतहट
प्रदेश नं. २ नेपाल

रिना कुमारी साह
नगर प्रमुख
मौलापुर नगरपालिका
पतौरा, रौतहट

## मौलापुर नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक विधेयक, २०७७

**नगर सभाबाट स्वीकृत मिति : २०७७।०३।१२**

प्रमाणिकरण मिति: २०७७।०३।१८

### वि.सं. २०७७ सालको विधेयक नं. १

**प्रस्तावना:** मौलापुर नगरपालिकाको आर्थिक वर्ष २०७७ ०७८ को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क निर्धारण गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) ले दिएको अधिकार प्रयोग गरी संविधानको धारा २२६ को उपधारा (१) बमोजिम मौलापुर नगर सभाबाट पारित गरी यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम **"मौलापुर नगरपालिकाको आर्थिक ऐन, २०७७"** रहेको छ।

(२) यो ऐन २०७७ साल साउन १ गतेदेखि मौलापुर नगरपालिकाको क्षेत्रमा लागु हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले मौलापुर नगरपालिकाको आर्थिक ऐन, २०७७ सम्झनुपर्छ।

(ख) "कार्यपालिका" भन्नाले मौलापुर नगर कार्यपालिका सम्झनुपर्छ।

(ग) "नगरपालिका" भन्नाले मौलापुर नगरपालिका सम्झनुपर्छ।

(घ) "फर्म" भन्नाले प्रचलित कानूनबमोजिम दर्ता भएको वा नभएको जुन सुकै फर्म सम्झनुपर्छ।

(ङ) "व्यक्ति" भन्नाले यस ऐन बमोजिम कर तिर्नुपर्ने दायीत्व भएको जुनसुकै व्यक्ति सम्झनुपर्छ।

(च) "सभा" भन्नाले मौलापुर नगरपालिकाको सभा सम्झनुपर्छ।

(छ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनुपर्छ।

३. **एकीकृत सम्पत्ति कर :** नगरपालिकाको क्षेत्रभित्र अनुसुची- १ बमोजिम एकिकृत सम्पत्ति कर लगाइने र असुल उपर गरिनेछ।

रिना कुमारी साह
नगर प्रमुख
मौलापुर नगरपालिका
पतौरा, रौतहट

४. **घर बहाल कर :** नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज,गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा अनुसूची-२ बमोजिम घरजग्गा बहाल कर लगाइने र असुल उपर गरिनेछ ।

५. **व्यवसाय कर** : नगरपालिकाको क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजिगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसुची-२ बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

६. **जडीबुटी, कबाडी र जीवजन्तु कर :** नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले जडीबुटी, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायीक कारोवार गरेबापत अनुसुची-२ बमोजिम कर लगाइने र असुल उपर गरिनेछ ।

७. **सवारी साधन कर:** नगरपालिकाको क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसुची-२ बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।

तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएकोमा सोही बमोजिमहुनेछ ।

८. **विज्ञापन कर :** नगरपालिकाको क्षेत्रभित्र हुने विज्ञापनमा अनुसुची-२ बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ ।

९. **बहाल बिटौरी शुल्क :** नगरपालिकाको क्षेत्रभित्र आफूले निर्माण , रेखदेख वा सञ्चालन गरेका अनुसुची-२ उललेखित हाटवजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१०. **सेवा शुल्क, दस्तुर :** नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेको अनुसूचि-२ बमोजिम शुल्क लगाइने र असुल उपर गरिनेछ ।

११. **प्राकृतिक स्रोत साधन कर :** मौलापुर नगरपालिकाले आफ्नोक्षेत्रभित्र रहेके प्राकृतिक सम्पदाबाट उपलब्ध हुने ढुङ्गा, गिटी, बालुवा र काठ दाउरामा अनुसुची-२ बमोजिम कर लगाइने र असुल उपर गरिनेछ ।

१२. **कर छुट नहुने :** यस ऐन बमोजिम कर तिर्ने दायीत्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट हुने छैन ।

१३. **कर तथा शुल्क संकलन सम्बनधी कार्यविधि** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्वन्धी कार्यविधि नगरपालिकाले तोके अनुसार हुनेछ ।

रिना कुमारी साह
नगर प्रमुख
मौलापुर नगरपालिका
पतौरा, रौतहट

१४. **अन्य व्यवस्था** : नगरपालिकाले विषयगत शाखा, वडा लगायत कार्यालयबाट सेवा प्रवाह गर्दा सेवाग्राहीले बुझाउनु पर्ने कर, शुल्क, दस्तुर वा जरिवानालाइ सेवासंग आवद्ध गरी असुल उपर गर्नु पर्नेछ । तर नागरिकता सिफारिस व्यक्तिगत घटना दर्ता जस्ता कार्यलाइ शुल्क रहित सेवा प्रवाह गर्न बाधा पर्ने छैन ।

१५. **ऐन बमोजिम भए गरेको मानिने** : यो ऐन जारी हुनु भन्दा अघि भए गरेका कार्य यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

१६. **नियम बनाउन सक्ने** : नगरपालिकाले यस विधेकमा भएका व्यवस्थालाइ कार्यान्वयन गर्न अवश्यक नियमावली बनाइ लागु गर्न सक्नेछ ।

१७. यस ऐनमा उल्लेखित व्यवस्था यसै ऐन बमोजिम र उल्लेख नभएका हकमा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

रिना कुमारी साह
नगर प्रमुख
मौलापुर नगरपालिका
पतौरा, रौतहट

मौलापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पतौरा, रौतहट
प्रदेश नं. २ नेपाल

रिना कुमारी साह
नगर प्रमुख
मौलापुर नगरपालिका
पतौरा, रौतहट

## अनुसूची-१

(दफा३ सँग सम्वन्धित)

आ.व. ०७७ ७८मालागु हुने एकीकृत सम्पति करको दर

| क्र.सं | कर योग्य सम्पतिकामुल्य | दर (वार्षिक) | कैफियत |
|---|---|---|---|
| १. | रु. पाचस लाख सम्म | कर छुट गरिएकोछ | |
| २. | ५० लाख देखि ६० लाख सम्म | १५०० | |
| ३. | ६० लाख देखि ७० लाख सम्म | ३००० | |
| ४. | ७० लाख देखि ८० लाख सम्म | ६००० | |
| ५. | ८० लाख देखि १ करोड सम्म | १०,००० | |
| ६. | १ करोड देखि २ करोड सम्म | १५,००० | |
| ७. | २ करोड देखि ५ करोड सम्म | ३०,००० | |
| ८. | ५ करोड भन्दामाथी | ५०,००० | |

**द्रष्टव्य** : नगरपालिकाले आफ्नो क्षेत्र भित्रलगाउने एकीकृत सम्पति करको मूल्यनिर्धारण गर्दा चालु आर्थिक वर्षमामालपोत कार्यालय मौलापुरले रजिष्ट्रेशन पारितको लागिकायम गरेको मूल्यलाई नै आधार मानिएकीकृत सम्पति कर असुल गरिनेछ ।

रिना कुमारी साह
नगर प्रमुख
मौलापुर नगरपालिका
पतौरा, रौतहट

मौलापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मौलापुर, रौतहट
प्रदेश नं. २ नेपाल

रिना कुमारी साह
नगर प्रमुख
मौलापुर नगरपालिका
पतौरा, रौतहट

## अनुसूची-२

(दफा ४,५,६,७,८,९,१०,११ सँग सम्बन्धित)

आ.व. ०७७/७८मा लागु हुने करहरुको दर

| | क्र.सं | दस्तुर, कर, शुल्कमहशुलशिर्षक | रकम | कैफियत |
|---|---|---|---|---|
| क. | | **दस्तुर/नविकरण** | | |
| | १. | उद्योग नामसारी | १०,०००।०० | |
| | २. | व्यवसाय नामसारी | २५००।०० | |
| ख. | | **ठेक्का पट्टा लाईसेन्सको लागि दस्तुर** | | |
| | ३ | घ श्रेणी | १०,०००।०० | |
| ग. | | **ठेक्का पट्टा लाईसेन्सको नवीकरण** | | |
| | ४. | घ श्रेणी लाइसेन्स नवीकरण | ३०००।०० | |
| घ. | | **उद्योग / व्यवसायदर्ता दस्तुर** | २०००।०० | |
| ङ. | | **विद्यालय निजी** | | |
| | ५. | क्याम्पस स्तर | १०,०००।०० | |
| | ६. | मा.वि.स्तर | ८०००।०० | |
| | ७. | नि.मा.वि.स्तर | ६०००।०० | |
| | ८. | प्रा.वि.स्तर | ५०००।०० | |
| च. | | **विद्युत सिफारिस** | | |
| | ९. | उद्योग | २०००।०० | |
| छ. | | **व्यवसाय कर** | श्रेणी क (वार्षिक) | श्रेणी ख |
| | १०. | मदिरा खुद्रा | ६०००।०० | ४०००।०० |
| | ११. | पेट्रोलियम पदार्थ | १०,०००।०० | |
| | १२. | सेलर मिल | ५०००।०० | |
| | १३. | वाणिज्य बैंक | ३०,०००।०० | |
| | १४. | विकास बैंक | २०,०००।०० | |
| | १५. | फाइनान्सियल कम्पनी | १०,०००।०० | |
| | १६. | मनी ट्रान्सफर संस्था | ३,०००।०० | |

रिना कुमारी साह
नगर प्रमुख
मौलापुर नगरपालिका
पतौरा, रौतहट

| | | | | |
|---|---|---|---|---|
| | १७. | निजी अस्पताल, क्लिनिक, फार्मेसी | ५०००।०० | |
| | १८. | चिरान मिल | ५,०००।०० | |
| | १९. | सहकारी संस्था | ५,०००।०० | |
| | २०. | ईटा उद्योग | ३०,०००।०० | |
| ज. | | **ठेक्काको लागि न्युनतम अकं निर्धारण** | | |
| | २१. | माछा ठेक्का भकुवा | न्युनतम रु. ३०,०००।०० | |
| | २२. | माछा ठेक्का अडुवा | ३०,०००।०० | |
| | २३. | माछा ठेक्का बकैया | ३०,०००।०० | |
| | २४. | प्रति टेलर बालुवा बकैया | ४००।०० | |
| | २५. | बालुवा ठेक्का बकैया | ३०००००।०० | |
| झ. | | **घर नक्शापास (प्रतिवर्गफिट)** | | |
| | २६. | नयाँ घर नक्सापास (प्रतिवर्ग फीट) | रु. ३।- | |
| | २७. | पुरानो घर नक्सापास (प्रतिवर्ग फीट) | रु. २।- | |
| ञ. | | **घर भाडा कर** | | |
| | २८. | बहाल आयको १० प्रतिशत | | |

**प्रमाणिकरण गर्नेको :**

**सही :**

**नाम : रिना कुमारी साह**

**पद : नगर प्रमुख (नगर सभा अध्यक्ष)**

**प्रमाणिकरण मिति : २०७७०३।१८**

रिना कुमारी साह
नगर प्रमुख
मौलापुर नगरपालिका
पनौरा, रौतहट